नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

मुद्दा-: अभद्र व्यवहार ।

मि.नं.-५०८ दायर मिति-: २०८१/०१/२४

फैसला मिति- २०८१।०२।०३

वादी

मुन्ना साहको जाहेरीले नेपाल सरकार.........................१

प्रतिवादी

जिल्ला मोरङ्ग बेलबारी न.पा.वडा नं.९ बस्ने तेजप्रसाद गिरीको छोरा बर्ष २२ को बिकाश गिरी .........१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

तथ्य-खण्ड

१. प्रतिवादीले आवेशमा आई अपशब्द प्रयोग गरी गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त।
२. प्रतिवादीले अपशब्द र गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मैले अपशब्द र गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज
४. जाहेरवालालाई अभद्र व्यवहार गरेकोले हदैसम्मको कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका दिपक सर्राफ समेतको घटनाविवरण कागज ।
५. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको आशिंक साबिति बयान ।
६. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र ।

ठहर-खण्ड

यसमा मिति २०८०।१२।२१ गते अ.१५:०० बजेको समयमा जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.८ स्थित सडकमा साईकल पार्किङ्गमा राखी किनमेल गर्ने क्रममा प्रतिवादी बिकाश गिरीलाई मेरो साईकलमा बसी अनावश्यक हर्कत गरिरहेको देखि सोधपुछ गर्दा निजले आवेशमा आई बिभिन्न अपशब्द प्रयोग गरी गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का रहेको, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान एवम् प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको आशिंक साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी बिकाश गिरीलाई कैद १ महिना १३ दिन गर्ने । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

तपसिल खण्ड

१. माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी बिकाश गिरी लाई ठहरेको कैद १ महिना १३ दिन को हकमा निज मिति २०८०-१२-२१ देखि २०८१-०२-०२ सम्म हिरासत र थुनामा बसी भुक्तान गरिसकेको हुदाँ थुना मुक्त गर्न कारागार कार्यालय पर्सालाई पत्र लेख्नु ........१
२.प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु...१
३ .फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु.................................................१
४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु--..------१

दिनेश सागर भुसाल
प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ साल जेष्ठ महिना ३ गते रोज ५/ने.सं. ११४४ बछलाथ्व ८,शुभम् .....